# श्री रूपा गाँउपालिका

गाँउकार्यपालिकाको कार्यालय

रूपा -६, कास्की

४ नं. प्रदेश, नेपाल ।


## मेशिनरी औजार तथा कम्पूटर खरिद गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७४/१०/१४ गते

यस गाँउपालिकाले चालु आ.ब २०७४/०७५ मा निम्न अनुसारका मेशिनरी औजार तथा कम्पुटर सार्वजनिक खरिद ऐन,२०६३(पहिलो संसोधन,२०७३ को दफा८ को उपदफा १(क) तथा सार्वजनिक खरिद नियमावली,२०६४(चौथो संसोधन,२०७३ ) को नियम ३१(ख) बमोजिम खरिद गर्नु पर्ने भएकाले इजाजत प्राप्त इच्छुक ब्यवसायी वा कम्पनीहरुबाट निम्न सर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

१.सम्वन्धीत फर्मको लेटरप्याडमा अधिकार प्राप्त ब्यक्तिको दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व २०७४/०७५ को लागि नविकरण तथा चालु आ.ब.को लागि मान्यता प्रापत भएको फर्म वा कम्पनीको प्रमाण पत्र, ब्यवसाय ईजाजत पत्र, स्थायी लेखा,दर्ता नं एवं आयकर तथा मू.अ. कर दर्ता प्रमाणपत्र ( भ्याट) साथै आ.व.२०७३/०७४ कर चुक्ता विवरण पेश गरेको कागजात, सम्बन्धित नार्गरिकको प्रमाणपत्र र फर्म सम्बन्धी अन्य कुनै कागजात भए सो समेत प्रमाणित प्रतिलिपि( जो बोलपत्र खरिद प्रयोजनका लागि मात्र मान्य हुनेछ ) को साथ तल उल्लेखित नगद(पछि फिर्ता नहुने) यस कार्यलयको राजश्व खातामा बुझाई यो सूचना प्रथम पदक प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र फारम रुपा गाँउपालिका  खरिद गर्न सकिनेछ ।

२.खरिद गरिएको बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको १६ औ दिन दिउसो १२:०० बजे भित्र गाँउकार्यपालिकाको नाममा संम्वोधन गरि ठेक्का नं. बोलपत्रवालाको नाम,ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहा छाप गरि यस कार्यलयमा दर्ता गराउन सकिनेछ ।

३. दर्ता भएका शिलबन्दी बोलपत्र नियमानुसार कार्यलयका प्रतिनीधिहरुको रोहवरमा सोहि दिनको १:३० बजे खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनीधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दाता तथा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा कार्यलय खुलेको दिनको सोहि अनुसारको समयमा दर्ता गर्ने र खोल्ने काम हुनेछ । फर्मको प्रतिनीधिको रुपमा कुनै ब्यक्ति पठाउनु पर्ने भएमा रितपूर्वकको मञ्जुरीनामा सहित पठाउनु पर्नेछ ।

४.यस सूचना र बोलपत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ साथै सो अनुसारको मुल्याङ्कनका आधारहरु पुरा नगर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिने छैन ।

५.बोलपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ अंक र अक्षरमा फरक पर्नेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ साथै केरमेट भएको ठाँउमा सहि छाप हुनु पर्नेछ ।

६.शिलवन्दी बोलपत्र रकम राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय पोखरामा रहेको यस कार्यालयको धरौटी खाता नं.३०२०३०३००७१०३ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ । साथै बोलपत्र फारम नगदै कार्यालयको राजश्व शाखाबाट खरिद गरि लिन सकिने छ ।

७. बोलपत्र दर्ता गर्ने फार्महरुले बोलपत्र पुस्तिका संलग्न गरिएको स्पेशिफिकेशन तथा अन्य व्यहोरा प्रस्ट रुपमा पढि,सहिछाप गरि पेश गर्नु पर्नेछ । शिलवन्दी बोलपत्र दाताको प्राह्यता प्रमाणित गर्ने कागजातहरु शिलवन्दी बोलपत्र साथ (शिलवन्दी खाम भित्रै) संलग्न हुनु पर्नेछ।

८. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृति गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यलयमा निहित रहनेछ ।

९. बोलपत्र फारम र यस सूचनामा लेखिएको कुराहरुको हकमा यसै अनुसारर यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली अनुसार हुनेछ ।

तपशिल

| सि.न | ठेक्का नं. | खरिद गर्नु पर्ने सामान | धरौटी रकम | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | २/२०७४/०७५ | विद्युतिय हाजिरी मेशिन थान -२४, कम्पुटर,ल्यापटप,प्रिन्टर आदि । | ३२०००। | रु.१०००। | |
| २ | ३/०७४/०७५ | दुना,टपरी बुन्ने मेशिन | २४०००। | रु.१०००। | |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत